## आर्थिक बर्ष २०८२।०८३ को

# बार्षिक बजेट तथा कार्यक्रम

## बित्थडचिर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

### देउलेख, बझाङ

२०८२

"कृषि, स्वास्थ्य, पुर्वाधार, पर्यटन र शिक्षाः समृद्ध बित्थडचिर बनाउने हाम्रो ईच्छा"

www.bitthadchirmun.gov.np

सभाध्यक्ष महोदय,

गाउँसभाका सदस्य ज्यूहरु, उपस्थित बिभिन्न राजनीतिक दलका जिम्मेवार प्रतिनिधि ज्यू, बिभिन्न तह र तप्कामा रही कार्यरत सम्मानित व्यक्तित्वहरु, राष्ट्रसेवामा समर्पित राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मी मित्रहरु, उपस्थित पत्रकार महानुभावहरु, नागरिक समाज साथै सम्मानित बित्थडचिर वासी आम जनसमुदायहरु,

यस बित्थडचिर गाउँपालिकाको उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस सम्मानित गाउँ सभामा आ.व. २०८२।८३ को बजेट बक्तव्य पेश गर्न पाउँदा हर्षित भएकी छु। राजनीतिक रुपमा देशले ऐतिहासिक फड्को मारेको अवस्थामा स्थानीय शासन र बिकाश निर्माणमा प्रत्यक नागरिक आफै संलग्न हुने वातावरण बनेको छ। अब यो समय लाई आर्थिक सामाजिक रुपान्तरणको अवसरको रुपमा उपयोग गरी जनचाहना अनुरुप अबको हाम्रो बाटो भनेको जनताको जीवनमा प्रत्यक्ष परिवर्तनको अनुभूति दिलाउनु हो।

बिगत देखि आजका मिति सम्म गाउँपालिकाको आर्थिक सामाजिक तथा भौतिक बिकाशमा टेवा पुर्‍याउनु हुने सभाका सबै सदस्यहरुलाइ हृदय देखिनै धन्यबाद दिंदै बाँकि कार्यकाल सफल, सुनौलो र जनप्रिय बनोस भन्ने कामना गर्दछु।

संविधानले गणतन्त्र, समावेशिता, धर्मनिरपेक्षता, संघीयता, सकारात्मक विभेद, समानुपातिक प्रतिनिधित्व सहितको समाजवाद उन्मुख राज्य व्यवस्थाको परिकल्पना गरेको भएता पनि यस गाउँपालिकाको समग्र अवस्था भने बमोजिम परिवर्तन गर्न सकियको अवस्था छैन । उल्लेखित संवैधानिक व्यवस्था लाई साकार पार्न तथा जनताका समस्याहरु लाई एकीकृत रुपमा सम्बोधन गर्न गाउँपालिकामा विद्यमान सम्भावनाहरुको भरपुर उपयोग तथा चुनौतीहरुलाई सामूहिक रुपमा डटेर सामना गरी, व्यवस्था मात्रै नभई अवस्था समेत परिवर्तन हुने र जनताले महशुस गर्न सक्ने गरी जनजीविकामा नै परिवर्तन गर्नु पर्ने गरी वस्तुनिष्ठ र कार्यान्वयन गर्न सक्ने गरी बार्षिक कार्यक्रम तथा बजेट यहाहरु माझ लिएर उपस्थित भयकी छु। यस विशिष्ट अवसरमा राज्य लाई आजको अवस्था सम्म ल्याई पुर्याउन समयको बिभिन्न

काल खण्डमा देश निर्माण तथा राज्य व्यवस्था परिवर्तनका लागि आफ्नो अमूल्य जिवन समर्पण गर्ने सम्पूर्ण महान सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दछु। साथै बेपत्ता तथा घाईतेहरु र निजहरुका आश्रित परिवारजनहरु प्रति समेत उच्च सम्मान प्रकट गर्दै सम्पूर्ण बित्थडचिर वासी आम जनताहरु प्रति हार्दिकता पूर्वक सम्मान व्यक्त गर्दछु।

वित्थडचिर गाउँपालिकाको बिकाश सर्वाङ्गीण विकाशको ढाचामा अघि बढि रहेको छ। सबै पालिकावासी जनाताको लागि आधारभुत शिक्षा, आधारभुत स्वास्थ्यको सुबिधा, खानेपानीको आपुर्ति र आवास जस्ता अत्यावश्यक आवश्यकताहरुको उपलब्धता गराउनु गाउँपालिकाको प्रमुख ध्येय रहेको छ।

सभाका सदस्य ज्यूहरु,
श्रद्धेय सभाध्यक्ष महोदय, सम्मानित गाउँसभामा पेश भएको बित्थडचिर गाउँपालिकाको आर्थिक बर्ष २०८२।०८३ को नीति तथा कार्यक्रममा उल्लेखित वर्तमान स्थानीय सरकारको लक्ष्य तथा उद्देश्य अनुरुपका कार्यक्रमहरु लाई मूर्त रुप दिन तथा कार्यान्वयन गर्न आर्थिक बर्ष २०८०।०८१ को यथार्थ बजेट, आर्थिक बर्ष २०८१।०८२ को शंसोधित बजेट र आर्थिक बर्ष २०८२।०८३ को अनुमानित बजेट यस सम्मानित सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**अव म आ.व. २०८०।०८१ को यथार्थ आय व्ययको विवरण यस सम्मानित सभामा प्रस्तुत गर्दछु ।**

| **क्र. स.** | **बजेट स्रोत** | **जम्मा बजेट** |
|---|---|---|
| १ | वित्तीय समानीकरण अनुदान संघ सरकार | ९ करोड ३२ लाख ७९ हजार |
| २ | सशर्त अनुदान संघ सरकार | १७ करोड ८१ लाख ८ हजार ७ सय ८० |
| ३ | विषेश अनुदान संघ सरकार | ५० लाख |
| ४ | समपुरक अनुदान संघ सरकार | ५० लाख |
| ५ | राजश्व बाँडफाँड संघ सरकार | ६ करोड ६१ लाख ९८ हजार ८ सय १२ |
| ६ | वित्तीय समानीकरण अनुदान प्रदेश सरकार | ८५ लाख २६ हजार |

| | | |
|---|---|---|
| ७ | शसर्त अनुदान प्रदेश सरकार | ३८ लाख ५० हजार |
| ८ | राजश्व बाँडफाँड प्रदेश सरकार | १३ लाख ६९ हजार ७ सय ८८ |
| ९ | गत वर्षको अल्या रकम | १ करोड ५१ लाख ४७ हजार ६ सय ९८ |
| १० | आन्तरिक आय | २३ लाख ८१ हजार २ सय ८७ |
| ११ | सामाजिक सूरक्षा तर्फ | १० करोड ३२ लाख २० हजार |
| १२ | प्रशासनिक भवन निर्माण | ५० लाख |
| १३ | कार्यसञ्चालन कोष ( बिपद, लैङ्गिक हिंसा निवारण, जे सि बि सञ्चालन, कार्मचारी कल्याण कोष) | १ करोड १२ लाख ६४ हजार ८ सय ७० |
| १४ | अन्य आय (युनिसेफ, पि एल गि एस पि,सडक वोर्ड, सिएमसि नेपाल मार्फत, झोता मालपोत) | ४६ लाख ७ हजार ४ सय ३१ |
| १५ | एकिकृत स्वास्थ्य पुर्वाधार बिकाश कार्यक्रम | २ करोड ९९ लाख ५२ हजार |
| १६ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १० लाख ६० हजार |
| १७ | पर्यटन पुर्बाँधार आयोजना | ५७ लाख ३९ हजार ६ सय ४ |
| १८ | धरौटी आय | २६ लाख ४२ हजार ४ सय ३ |
| | **जम्मा आम्दानी तर्फ** | **५४ करोड २३ लाख ४७ हजार ५३** |
| | **जम्मा खर्च तर्फ** | **५० करोड ३१ लाख ६१ हजार ८ सय १६** |
| | **बैङ्क मौज्दात** | **२ करोड ०६ लाख २३ हजार ४ सय २६** |
| | **निकाशा फिर्ता** | **१ करोड ८५ लाख ६१ हजार ८ सय ११** |

अव म आ.व. २०८१।०८२ को शंशोधित आय व्ययको विवरण यस सम्मानित सभामा प्रस्तुत गर्दछु।

| क्र.स. | बजेट स्रोत | जम्मा बजेट |
|---|---|---|
| १ | वित्तीय समानीकरण संघ सरकार | ९ करोड २० लाख ३५ हजार २ सय ८० |
| २ | सशर्त अनुदान संघ सरकार | १८ करोड ५२ लाख ४३ हजार |
| ३ | विषेश अनुदान संघ सरकार | ५९ लाख ७० हजार |
| ४ | राजश्व बाँडफाँड संघ सरकार | ७ करोड ५१ लाख ४६ हजार ४ सय ९८ |
| ५ | वित्तीय समानीकरण प्रदेश सरकार | ९० लाख ८५ हजार |
| ६ | राजश्व बाँडफाँड प्रदेश सरकार | १४ लाख २५ हजार ९ सय ५० |
| ७ | शशर्त अनुदान प्रदेश सरकार | ८४ लाख ३० हजार |
| ८ | बिशेष अनुदान प्रदेश सरकार | ४७ लाख १८ हजार १ सय ९० |
| ९ | आन्तरिक आय | २९ लाख ४९ हजार १ सय ३० |
| १० | सामाजिक सूरक्षा तर्फ | १० करोड १२ लाख ४ हजार |
| ११ | प्रशासनिक भवन निर्माण | ९६ लाख |
| १२ | एकिकृत स्वास्थ्य पुर्वाधार बिकाश कार्यक्रम | ४ करोड ६९ लाख ७७ हजार |
| १३ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ४१ लाख ८६ हजार |
| १४ | उच्च पहाडी तथा हिमाली क्षेत्र स्वरोजगार कार्यक्रम | ५५ लाख |
| १५ | विद्यालय शिक्षा क्षेत्र योजना(बिपन्न बिद्यार्थी छात्रवृति) | ३६ लाख १ हजार |
| १६ | अन्य आय (यूनिसेफ, पि एल जि एस पि,सडक वोर्ड, सिएमसि नेपाल, विश्व खाद्य कार्यक्रम मार्फत) | ४२ लाख ६६ हजार ७ सय २६ |
| १७ | गत बर्षको अल्या | **२ करोड ०६ लाख २३ हजार ४ सय २६** |
| | **जम्मा आम्दानी तर्फ** | **५८ करोड ९ लाख ६१ हजार २ सय** |
| | **हाल सम्मको जम्मा खर्च तर्फ** | **५५ करोड २४ लाख ६९ हजार ७ सय १८** |

**अब म आ.व. २०८२।०८३ को अनुमानित आयको विवरण यस सम्मानित सभामा प्रस्तुत गर्दछु।**

| **क्र.स.** | **बजेट स्रोत** | **जम्मा बजेट** |
|---|---|---|
| १ | वित्तीय समानीकरण संघ सरकार | ९ करोड ५७ लाख |
| २ | सशर्त अनुदान संघ सरकार | १९ करोड १९ लाख |
| ३ | विषेश अनुदान संघ सरकार | ६७ लाख |
| ४ | समपुरक अनुदान संघ सरकार | ९८ लाख |
| ५ | राजश्व बाँडफाँड संघ सरकार | ८ करोड २८ लाख ४८ हजार १ सय ८५ |
| ६ | वित्तीय समानीकरण प्रदेश सरकार | ९२ लाख ९ हजार |
| ७ | शसर्त अनुदान प्रदेश सरकार | ४५ लाख |
| ८ | बिषेश अनुदान प्रदेश सरकार | ७५ लाख |
| ९ | समपुरक अनुदान प्रदेश सरकार | १ करोड ८ लाख |
| १० | राजश्व बाँडफाँड प्रदेश सरकार | २५ लाख ४७ हजार |
| ११ | आन्तरिक आय | ४० लाख |
| १२ | सामाजिक सूरक्षा तर्फ | १४ करोड |
| १३ | अन्य संघ संस्थाबाट प्राप्त अनुदान | ३० लाख |
| | **आ.व. २०८२।०८३ को कुल आय अनुमान** | **५६ करोड ८५ लाख ४ हजार १ सय ८५** |

श्रद्धेय अध्यक्ष महोदय, अब म माथि उल्लेखित आगामी आ.व. २०८२।०८३ को अनुमानित कुल बजेटमा चालु तर्फ रु २९ करोड ३५ लाख ४ हजार १ सय ८५ र पुँजिगत तर्फ रु १३ करोड ५० लाख, संघीय सरकार बाट प्राप्त हुने सामाजिक सुरक्षा कार्यक्रम तर्फ रु १४ करोड खर्च प्रस्ताव गरिएको व्यहोरा यस सम्मानित सभा समक्ष पेश गर्दछु ।

आगामी आ.व. २०८२।०८३ को लागि स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले गरेको निर्णयानुसार तपसिल बमोजिमको बिनियोजित बजेट पेश गर्दछु।

| **क्र.स.** | **विवरण** | **प्रस्तावित बजेट** |
|---|---|---|
| १ | संघ तथा प्रदेश समपुरक अनुदानका आयोजना | २ करोड ६ लाख |
| २ | संघ तथा प्रदेश विशेष अनुदानका आयोजना | १ करोड ४२ लाख |
| ३ | बिभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरु सँग समन्वय म्याचिङ फन्ड | ३ लाख |
| ४ | गाउँपालिका स्तरीय आयोजना | ८९ लाख |
| ५ | सामुदायीक विद्यालय भान्सा कोठा निर्माण,घेरबार तथा सौचालय निर्माण | ३९ लाख |
| ६ | खेलकुद सञ्चालन तथा व्यवस्थापन | १५ लाख |
| ७ | न्यायीक समिति सञ्चालन, व्यवस्थापन तथा परामर्स | १० लाख |
| ८ | दलित लक्षित कार्यक्रम | १५ लाख |
| ९ | मनोसामाजिक परामर्सकर्ता तलव | ८ लाख |
| १० | बिपन्न नागरिक उपचार सहायता | ५ लाख |
| ११ | जनता संग अध्यक्ष कार्यक्रम | ९ लाख |
| १२ | जनता संग उपाध्यक्ष कार्यक्रम | ६ लाख |

अव म विषयगत तथा क्षेत्रगत रुपमा गरियको बजेट विनियोजन यस सम्मानित सभामा पेश गर्दछु ।

| **क्र.स.** | **विवरण** | **प्रस्तावित बजेट** |
|---|---|---|
| १ | शिक्षा क्षेत्र | २ करोड ९५ लाख ४४ हजार |
| २ | कृषि तथा पशु बिकाश | १९ लाख ५० हजार |
| ३ | स्वास्थ्य सेवा | १ करोड ६८ लाख ९० हजार |
| ४ | वन वातावरण तथा विपद व्यवस्थापन | ३० लाख |
| ५ | महिला बालबालिका तथा जेष्ठ नागरिक | १३ लाख ९० हजार |

| | | |
|---|---|---|
| ६ | समपुरक आयोजनाका लागि म्याचिङ फन्ड | ४१ लाख २० हजार |

सभाध्यक्ष ज्यु,

यस गाउँपालिका अन्तर्गतका ९ वटै वडाहरुमा बिकाश कार्यक्रमका लागि तपसिल बमोजिमको बिनियोजित बजेट पेश गर्दछु।

| **क्र.स.** | **वडा नम्बर** | **प्रस्तावित बजेट** |
|---|---|---|
| १ | १ | ३६ लाख |
| २ | २ | २९ लाख ७० हजार |
| ३ | ३ | २९ लाख ७० हजार |
| ४ | ४ | २९ लाख ७० हजार |
| ५ | ५ | २९ लाख ७० हजार |
| ६ | ६ | २९ लाख ७० हजार |
| ७ | ७ | २९ लाख ७० हजार |
| ८ | ८ | २९ लाख ७० हजार |
| ९ | ९ | ३७ लाख |

श्रद्धेय सभाध्यक्ष मोहदय, अब म माथि उल्लेखित आ. व. २०८२।०८३ को बजेट तथा कार्यक्रम कार्यन्वयनका लागि तपशिल बमोजिमका विधेयकहरु यस सम्मानित सभामा पेश गर्दछु।

१. बित्थडचिर गाउपालिकाको आर्थिक विधेयक - २०८२
२. बित्थडचिर गाउपालिकाको विनियोजन विधेयक - २०८२

साभाध्यक्ष ज्यु तथा गाउँ सभा सदस्य ज्युहरु,

यस बित्थडचिर गाउँपालिकाको नीति तथा कार्यक्रम कार्यान्वयनका लागि मैले पेश गरेको बजेट सिंङ्गो बित्थडचिर गाउँपालिकाको विकाशका लागि साबित हुनेछ।यस गाउँपालिकाको

समाजिक, आर्थिक, भौतिक लगायत सम्पूर्ण क्षेत्रको बिकासमा सुधार भइ जनताको जनजीविकाको सवालमा उल्लेखनीय परिवर्तन हुनेछ र दुर दराजका जनताले स्थानीय सरकारको प्रभावकारि उपस्थिति महसुस गर्नेछन् भन्ने विश्वास लियकी छु। प्रस्तुत बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सम्पूर्ण जनप्रतिनिधि, आम गाउँपालिका वासी तथा सरोकारवाला सबै बाट सकारात्मक सहयोग तथा रचनात्मक सुझाव र सल्लाहको अपेक्षा समेत गरेकि छु।

प्रस्तुत बजेट तयार पार्न मार्ग-निर्देश गर्नु हुने आदरणीय अध्यक्ष ज्यू, सहयोग गर्नु हुने सम्पूर्ण वडा अध्यक्ष ज्युहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, कार्यपालिका अन्तर्गतका बिभिन्न विषयगत समितिका संयोजक तथा सदस्य ज्युहpरु, गाउँपालिकाका शाखा प्रमुख कर्मचारी मित्रहरु, स्थानीय समाजसेवि, बुद्धिजीवि लगायत आम बित्थडचिर वासी नागरिकहरुमा हृदय देखिनै आभार ब्यक्त गर्दछु साथै धन्यवाद समेत दिन चाहन्छु।

**धन्यवाद ।**

धनलक्ष्मी कुमारी सिंह मल्ल

उपाध्यक्ष